

# कथा




बाइबलमा परमेश्वरको कथा छ । यो परमेश्वरको कथा हो ।
सुरुमा–समयको सृष्टि हुनुभन्दा पनि अघि–परमेश्वर हुनुहुन्थ्यो ।
उहाँ नै हुनुहुन्थ्यो... जसले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो जुन आज हामी देख्छौँ ।
अनि परमेश्वरले भन्नुभयो, “उज्यालो होस्”, अनि त्यहाँ उज्यालो भयो ।
परमेश्वरले उज्यालो र अन्धकारलाई अलग–अलग गर्नुभयो अनि साँझ पऱ्यो र बिहान भयो–पहिलो दिन ।
तब परमेश्वरले एउटा अन्तर बनाउनुभयो र अन्तरमनिको पानीलाई अन्तरमाथिको पानीबाट अलग पार्नुभयो अनि उहाँले त्यस अन्तरलाई ‘आकाश’ भन्नुभयो ।
यो सृष्टिको दोस्रो दिन थियो ।



परमेश्वरले भन्नुभयो, “आकाशमनिका पानीहरू एक ठाउँमा जम्मा होऊन्, र सुक्खा जमिन देखा परोस् ।”
परमेश्वरले सुक्खा जमिनलाई “पृथ्वी” भन्नुभयो र जम्मा भएका पानीलाई “समुद्र” भन्नुभयो ।
तब परमेश्वरले बोल्नुभयो र पृथ्वीले घाँसहरू, आफ्नै जाति अनुसारको बीउ हुने सागपात र आफ्नो आफ्नो जाति अनुसारका फल दिने रूखहरू जसको बीउ त्यसैमा हुन्छ, उमार्‍यो ।
यो सृष्टिको तेस्रो दिन थियो ।


चौथौँ दिनमा परमेश्वरले भन्नुभयो, “दिनलाई रातबाट अलग पार्नलाई आकाशको अन्तरमा ज्योतिहरू होऊन्, अनि ती चिह्नहरूको रूपमा होऊन्, अँ, ऋतुहरू, दिनहरू र वर्षहरूका निम्ति होऊन् अनि पृथ्वीमाथि उज्यालो दिनलाई ती आकाशको अन्तरमा ज्योतिहरूको निम्ति होऊन् ।”
यसरी, चौथौँ दिनमा परमेश्वरले सूर्य, चन्द्रमा र ताराहरू भएको विशाल ब्रम्हाण्ड बनाउनुभयो ।


पाँचौ दिनमा परमेश्वरले भन्नुभयो, “पानीमा चलफिर गर्ने जीवित प्राणीहरू प्रशस्त गरी भरियोस् अनि आकाशको खुला अन्तरमा पक्षीहरू उडून्”
परमेश्वरले ठूला ठूला जलजन्तुहरू र चलफिर गर्ने सबै जीवित प्राणीहरू सृष्टि गर्नुभयो साथै आफ्नो आफ्नो जातिअनुसारका सबै पखेटा भएका पक्षीहरू सृष्टि गर्नुभयो ।
परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो र भन्नुभयो, फल्दै फुल्दै र बढ्दै जाओ र समुद्रहरूको पानीलाई भरिदेओ अनि पृथ्वीमा पक्षीहरू बढ्दै जाऊन् ।


छैठौँ दिनमा परमेश्वरले भन्नुभयो, “पृथ्वीले आफ्नो आफ्नो जातिअनुसार जीवित प्राणी : घरेलु पशु, घस्रने जन्तु र पृथ्वीका वनपशु उत्पन्न गरोस् ।
यसरी छैठौँ दिनमा परमेश्वरले पृथ्वीका सबै जनावरहरू बनाउनुभयो ।


त्यही दिनमा परमेश्वरले पृथ्वीको धूलोबाट अर्को प्राणी बनाउनुभयो ।
यस प्राणीभित्र परमेश्वरले आफ्नो सास फुकिदिनुभयो अनि यो प्राणी जीवित प्राण भयो ।
परमेश्वरले त्यस नयाँ प्राणीलाई “मानिस” भन्नुभयो र त्यसलाई “आदम” दिनुभयो ।
परमेश्वरले आफ्नो सारा सृष्टिलाई हेर्नुभयो र भन्नुभयो, “सबै अति असल छ”
ख
परमेश्वरले मानिसलाई एउटा आनन्दलोक दिनुभयो-यो एउटा अदन भन्ने “बगैंचा” थियो ।
परमेश्वरले मानिसलाई काम दिनुभयो-बगैंचा रेखदेख गर्ने ।


बगैँचाको बीचमा परमेश्वरले जीवनको रुख रोप्नुभयो–जसले उसलाई अनन्त जीवन दिन्थ्यो । उहाँले अर्को रुख पनि रोप्नुभयो–असल र खराबको ज्ञान दिने रुख ।
परमेश्वरले मानिसलाई बगैँचाको कुनै पनि रुखबाट पनि खान सक्छौ भनी भन्नुभयो तर उसलाई एउटा चेतावनी दिनुभयो....
तिमीले असल र खराबको ज्ञान दिने रुखबाट नखानू किनकि जुन दिन त्यसबाट खानेछौ, तिमी निश्चय नै मर्नेछौ ।
परमेश्वरले मैदानका पशुहरू र आकाशका पक्षीहरूलाई आदमकहाँ उसले के नाम राख्दोरहेछ भनी ल्याउनुभयो ।


पहिलो मानिस परमेश्वरसित घनिष्ठ सम्बन्धमा आनन्दित थियो ।
तर परमेश्वर जान्नुहुन्थ्यो कि आदमको लागि एक्लो रहन असल थिएन ।
परमेश्वरले उसलाई एउटा गहिरो निद्रामा पार्नुभयो–अनि जब ऊ निद्रामा थियो, तब परमेश्वरले उसको एउटा करङ निकाल्नुभयो ।
अनि उसको करङबाट उहाँले पहिलो स्त्री बनाउनुभयो ।
परमेश्वरले त्यस स्त्रीलाई मानिसकहाँ ल्याउनुभयो ।
आदमले आफ्नी सुन्दर पत्नीलाई ‘हब्बा’ नाम दिए । तिनी सबै मानवजातिकी आमा हुने थिइन् ।
तिनीहरू सँगै बगैंचामा थिए र तिनीहरू अत्यन्तै खुशी थिए ।



तर अर्को व्यक्तिले मानवजातिलाई परमेश्वरको खुशीदेखि टाढा राख्न चाहन्थे ।
त्यो लूसीफर थियो(शैतान)-एउटा स्वर्गदूत जसले परमेश्वरको विरोधमा विद्रोह गर्‍यो अनि स्वर्गबाट तल फ्याँकियो ।
त्यो बगैँचामा एउटा सर्पको रुपमा आदम र हब्बाकहाँ आयो ।
के परमेश्वरले “बगैँचाको कुनै रुखबाट फल नखानू” भनी भन्नुभएको छ ?
हामीले बगैँचाका रुखहरूबाट खानसक्छौँ–तर बगैँचाको बीचमा भएको रुखबाट खान सक्तैनौँ ।
हामीले त्यसलाई छुनु हुँदैन, नत्र हामी मर्नेछौँ
तिमीहरू निश्चय नै मर्नेछैनौँ । परमेश्वरलाई थाहा छ कि यदि तिमीहरूले त्यसबाट खायौ भने तिमीहरू असल र खराबको ज्ञान पाएर उहाँ जस्तै हुनेछौ ।
मानिस र स्त्रीले निषेध गरिएको फल खाए अनि परिणामस्वरुप........


तिनीहरूको अनाज्ञाकारिताद्वारा पाप संसारमा आयो । तिनीहरू नाङ्गै थिए भन्ने कुरा तिनीहरूले महसूस गरे र तिनीहरू डराए ।
तर पाप पहिलोपल्ट संसारमा प्रवेश गरेको भएतापनि परमेश्वरले बलिदानको प्रबन्ध गर्नुभयो ।
उहाँले तिनीहरू र तिनीहरूको पापलाई ढाक्नको निम्ति छालाको लुगाहरू बनाउनुभयो । उहाँले आदम र हब्बालाई बगैँचाबाट निकालिदिनुभयो ।
तर, उहाँले भविष्यमा एउटा मुक्तिदाता आउनेछ र शैतानलाई नष्ट गर्नेछ भनी प्रतिज्ञा गर्नुभयो ।
तेरो र त्यस स्त्रीको बीचमा, अनि तेरो सन्तान र त्यसको सन्तानको बीचमा म दुश्मनी हुनेछ ।
उसले तेरो टाउको कुच्च्याउनेछ र तैँले उसको कुर्कच्चा डस्नेछन् ।
आदम र हब्बा बगैँचामा नफर्कून् भनेर परमेश्वरले जीवनको रुख जाने बाटो रक्षा गर्नलाई एउटा स्वर्गदूत खटाइदिनुभयो ।



जनसंख्या बढ्दै गयो अनि पृथ्वी हिंसाले भरिदैं गयो । मानवजातिको पाप र विद्रोहले परमेश्वरलाई हृदयमा दु:खित तुल्यायो ।
उहाँले सारा पृथ्वीमाथि एउटा ठूलो जलप्रलय पठाएर सम्पूर्ण मानवजातिलाई अन्त्य गर्ने निर्णय गर्नुभयो ।
तर एउटा मानिसले परमेश्वरको नजरमा कृपा पाए । परमेश्वरले नूहलाई एउटा जहाज बनाउन आज्ञा दिनुभयो ।
परमेश्वरले हरेक प्राणीबाट दुई दुईओटालाई जहाजमा राख्नको निम्ति नूहकहाँ ल्याउनुभयो ।
परमेश्वरले पृथ्वीमाथि एउटा ठूलो जलप्रलय ल्याउनुभयो र हरेक जीवित प्राणी जो जहाजमा थिएन, ती सबै डुबे ।
परमेश्वरले हरेक प्राणीको हरेक जातबाट दुई दुईओटालाई अनि नूह र उनको परिवारलाई बचाउनुभयो ।
तब परमेश्वरले नूह र उनको परिवारलाई भन्नुभयो, “फल्दैफूल्दै र संख्यामा बढ्दै जाओ र पृथ्वीलाई भरिदेओ
यही परिवारबाट पृथ्वीका सबै जातिहरू आए ।
तर फेरि, मानिसहरूले परमेश्वरप्रति अनाज्ञाकारिता हुने कुरालाई रोजे ।




परमेश्वरले मानिसहरूलाई पृथ्वीमा भरिँदै जान र संख्यामा बढ्दै जान भन्नुभयो तर मानिसहरूले परमेश्वरको आज्ञालाई उल्लघंन गरे ।
परमेश्वरले भन्नुभए झैँ पृथ्वीमा फैलिँदै जानुको सट्टामा तिनीहरू एउटा बेबिलोन नाउँ गरेको उर्वरा भूमिमा बस्न थाले ।
परमेश्वरको आज्ञा मान्नुको सट्टामा तिनीहरूले आफ्नो नाउँ राख्नको निम्ति एउटा विशाल धरहरा बनाउन थाले ।
हामीमाथि शासन गर्न हामीलाई परमेश्वर चाहिँदैन । हामी एउटा सहर र धरहरा यहीँ बनाउँछौं ।
तिनीहरूको निम्रोद नाउँ गरेको एउटा नेता थियो जसले तिनीहरूलाई विद्रोह गर्न उक्सायो ।
तर परमेश्वर बाबेलको धरहरा ओर्लेर आउनुभयो र तिनीहरूको भाषा खलबल्याइ दिनुभयो ।
तिनीहरूको एउटा भाषा हुनुको सट्टामा थुप्रै भाषाहरू भए अनि उही उही भाषा बोल्ने मानिसहरू पृथ्वीभरि सँगै यात्रा गर्न थाले ।


परमेश्वरले मानिसजातिलाई उद्धार गर्ने योजना एउटा व्यक्ति–अब्राहमको छनोटबाट सुरु भयो । परमेश्वरले प्रतिज्ञा गर्नुभयो...
“म तिमीहरूलाई एउटा ठूलो जाति बनाउनेछु”
परमेश्वरले उनका वंशहरू आकाशका ताराहरू जति हुनेछन् भनी प्रतिज्ञा गर्नुभयो ।
पछि उनको एउटा वंश सारा संसारको पापको निम्ति बलिदान हुनेथिए ।
जब अब्राहाम १०० वर्ष पुगे, तब परमेश्वरले प्रतिज्ञा गर्नुभएको छोरा जन्मियो ।
तर परमेश्वरले अब्राहामलाई जाँच गर्नुभयो ।
“तिम्रो छोरालाई लेऊ र उसलाई एउटा होमबलिको रुपमा बलिदान गर ।”
परमेश्वरले आफ्नो छोरालाई मृतकबाट ब्यूँताउनेछन् भनेर विश्वास गर्दै अब्राहामले आज्ञापालन गरे ।
अब्राहमले आफ्नो छोरालाई बलिदान गर्न लागेको मात्र के थियो.....
“अब्राहम ! उसलाई केही पनि नगर...”
अब्राहमले तलतिर हेरे अनि त्यहाँ झाडीमा परमेश्वरलाई बलिदान गर्नको निम्ति एउटा थुमा देखे ।
“अब मलाई थाहा भयो कि तिमी मेरो डर मान्दा रहेछौ किनभने तिमीले आफ्नो छोरालाई पनि मबाट रोकेर राखेका छैनौ”
अब्राहम र उनका छोराले परमेश्वरले जुटाउनुभएको बलिदान परमेश्वरलाई चढाए


परमेश्वरले भन्नुभए झैं, अब्राहमको वंश बढ्दै गयो ।
एउटा अनिकालले तिनीहरूलाई मिश्रतिर जान बाध्य तुल्यायो र तिनीहरू त्यहाँ बढ्न थाले ।
तिनीहरू मिश्रदेशमा छँदा तिनीहरूलाई मिश्रको शासकले थिचोमिचो गर्न र निर्दयतापूर्ण व्यवहार गर्न थाल्यो ।


तर जब ठीक समय आइपुग्यो, तब इस्राएलीहरूलाई मिश्रबाट बाहिर निकाल्न परमेश्वरले मोशालाई खडा गर्नुभयो ।
तिनीहरूलाई छुटकारा दिने र अब्राहमलाई प्रतिज्ञा गरिएको देशमा डोऱ्याउने उहाँ नै हुनुहुन्छ भनी देखाउन परमेश्वरले थुप्रै शक्तिशाली आश्चर्यकर्महरू गर्नुभयो ।


परमेश्वरले एक समूह विशेष नियमहरू दिनुभयो–दश आज्ञाहरू–साथै अरु पनि जसले परमेश्वरलाई कसरी प्रेम गर्ने र मानिसहरूलाई कस्तो व्यवहार गर्ने भन्ने कुरा सिकाउँथ्यो ।
उहाँले आराधना गर्ने सही तरिका र आफ्ना पापहरूको निम्ति बलिदान चढाउने कुरा पनि सिकाउनुभयो ।
मेरो सामु कुनै ईश्वरहरू नराख्नू
आफ्नो निम्ति कुनै मूर्तिहरू नबनाउनू
परमेश्वरको नाउँ व्यर्थैमा नलिनू
विश्रामदिनलाई पवित्र मान्नू
आफ्नो बाबु र आमालाई आदर गर्नू
हत्या नगर्नू
व्यभिचार नगर्नू
चोरी नगर्नू
आफ्नो छिमेकीको विरूद्धमा झुटो साक्षी नदिनू
आफ्नो छिमेकीको कुनै कुराको लालच नगर्नू


अब्राहमलाई प्रतिज्ञा गरिएको देशमा परमेश्वरले मानिसहरूलाई ल्याउनुभयो ।
तर परमेश्वरका मानिसहरूले घरिघरि परमेश्वरका आश्चर्यकर्महरू देखेतापनि तिनीहरूले उहाँको व्यवस्था पालन गरेनन् ।


तिनीहरूले झूट्टा देवीदेवताहरूको पूजा गरे र पापकर्महरू गरे ।
तिनीहरूले लामो समयसम्म यस्तै नै गरिरहे
मोशाद्वारा परमेश्वरले दिनुभएको व्यवस्था हामी पालन गर्न चाहँदैनौं भनी थुप्रै मानिसहरूले भने ।


तिनीहरूका केही राजाहरू र अगुवाहरूले परमेश्वरलाई प्रेम गरे अनि उहाँलाई पछ्याए र ठूला ठूला कामहरू गरे.....
...दैत्यहरूलाई समेत मारे ।
अन्य राजाहरूले झूट्टा देवताहरूलाई पछ्याउने कुरा रोजे अनि मानिसहरूलाई मूर्तिहरू पूजा गर्नतिर डोऱ्याए ।
तर उहाँले उनीहरूलाई प्रेम गर्नुभयो–परमेश्वरले आफ्ना मानिसहरूकहाँ अगमवक्ताहरू पठाउनुभयो ।
यी अगमवक्ताहरू मानिसहरूको हृदय परमेश्वरतर्फ फर्काउन र तिनीहरूले गरिरहेका खराबीदेखि मन फिराउन परमेश्वरद्वारा पठाइएका थिए ।


संसारमा आफैलाई प्रकट गर्नको निम्ति परमेश्वरले चुन्नुभएका अगमवक्ताहरूको कुरा पनि मानिसहरूले सुन्न चाहेनन् यद्यपि उहाँले तिनीहरूलाई घरि घरि पठाउनुभएको थियो ।
अन्त्यमा-परमेश्वरले तिनीहरूको विशेष सहर परमेश्वरको आराधना हुने मन्दिरलाई नाश गर्न एउटा भयङ्कर राजा पठाउनुभयो ।
परमेश्वरलाई इन्कार गरेको र उहाँका आज्ञाहरू पालन नगरेको पापको निम्ति ७० वर्षसम्म परमेश्वरका विशेष मानिसहरू एउटा टाढा देशमा सजायस्वरुप कैदीको रुपमा रहे ।
तर परमेश्वरले प्रतिज्ञा गरे अनुसार नै उहाँले आफ्ना मानिसहरूलाई ७० वर्षपछि फर्काएर ल्याउनुभयो ।
यस समयमा तिनीहरूलाई कसरी जीवन जिउने भनी सिकाउन परमेश्वरले फेरि अगमवक्ताहरू र शिक्षकहरूलाई पठाउनुभयो



तब ४०० वर्षको मौनताको समय आयो जुन अवधिभित्र परमेश्वरले कुनै अगमवक्ताहरू पठाउनुभएन ।
४०० वर्षको अवधिमा अलेक्जान्डर द ग्रेटको अधीनमा ग्रीक सभ्यता शक्तिशाली भयो अनि मध्यपूर्वको धेरै भूभागलाई शासन गऱ्यो जहाँ परमेश्वरका मानिसहरू बस्दथे ।
तब रोमी सरकार सत्तामा आयो र तिनीहरूको सेनाले ग्रीक, इस्राएल र अन्य थुप्रै देशहरूलाई कब्जा गऱ्यो ।
तर इतिहासमा एउटा ठीक समयमा.........
....परमेश्वरले संसारमा उहाँको सिद्ध बलिदान पठाउनुभयो ।
यो बलिदान मानिसहरूले आ-आफ्ना पापको निम्ति बोका वा साँढेको रगत चढाएको जस्तो होइन ।
यो परमेश्वरको बलिदान थियो–एउटा यस्तो ईश्वरीय बलिदान जसले संसारका सबै पापहरू उठाएर लैजान्थ्यो ।
परमेश्वरले आफ्ना मानिसहरूलाई बिर्सनुभएको थिएन ।




सुरुदेखि नै, पहिलो पुरुष र स्त्रीदेखि नै, हरेक मानिसले गलत काम गर्दै आएको छ अनि पापले संक्रमित हुँदै आएको छ ।
त्यसैकारण, परमेश्वरले संसारमा एउटा पापरहित बलिदान पठाउनुपर्‍यो ।
यो मानव पापको बीउदेखि संक्रमित नभएको एउटा मानव शरीर हुनुपर्ने थियो ।
परमेश्वरले उहाँको सिद्ध बलिदानलाई अद्वितीय प्रकारले संसारलाई ल्याउनुभयो ।
यसो गर्नका निम्ति परमेश्वरले एउटा विशेष कन्यालाई चुन्नुभयो–एउटी यस्तो कन्या जो जसको कुनै मानिससित लसपस भएको थिएन–ताकि बच्चा कुनै पापपूर्ण मानिसबाट नजन्मिएको होस् ।
परमेश्वरको पवित्र आत्मा यस जवान कन्या मरियममाथि ओर्लनुभयो अनि उनले एउटा बच्चा जन्माइन् ।
म प्रभुको दासी हुँ, तपाईंले भने जस्तै होस् ।
यो विशेष बच्चाको जन्म स्वर्गदूतहरूद्वारा समेत घोषणा गरिएको थियो ।
सर्वोच्चमा परमेश्वरलाई महिमा अनि पृथ्वीमा जसमाथि उहाँको कृपा छ, त्यसलाई शान्ति
उहाँको नाउँ येशू राखियो–उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो ।


उहाँ विशेष बच्चा हुनुहुन्थ्यो जसले ठिटो छँदा पनि त्यस समयका धार्मिक अगुवाहरूलाई सिकाउनुहुन्थ्यो ।
MARIO
अनि परमेश्वरको ठीक समयमा उहाँले बप्तिस्मा लिनुभयो र परमेश्वरको महान् कथामा रहेको आफ्नो भूमिका पूरा गर्न थाल्नुभयो–मानिसहरूलाई परमेश्वर कस्तो हुनुहुन्छ भनेर देखाउने अनि मानवजातिको पापको लागि बलिदान हुने ।
आदम र हब्बाकहाँ देखा परे जस्तै शैतान फेरि देखापर्‍यो–मानिसहरूलाई पापमा फँसाउन र परमेश्वरका मार्गहरूबाट मानिसलाई तर्काएर उसको मार्गमा हिँडाउन
यदि तिमीले मलाई दण्डवत् गर्‍यौ भने म तिमीहरूलाई यी सबै राज्यहरू दिनसक्छु ।
परमेश्वरलाई मात्र दण्डवत् गर्नू अनि उहाँको मात्र सेवा गर्नू ।
मानिसहरू, स्त्रीहरू, केटाहरू, केटीहरूले कसरी जिएको परमेश्वर चाहनुहुन्थ्यो, येशूले तिनीहरूलाई सिकाउन थाल्नुभयो ।
धन्य दया देखाउनेहरू किनकि तिनीहरूलाई दया देखाइनेछन् ।
धन्य हृदयमा शुद्ध हुनेहरू किनकि तिनीहरूले परमेश्वरलाई देख्नेछन् ।
धन्य मिलाप गराउनेहरू किनकि तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन् ।


जब येशू यस संसारमा हुनुहुन्थ्यो, तब परमेश्वरलाई कसरी पछ्याउने र कसरी अरुलाई प्रेम गर्ने भनी उहाँले मानिसहरूलाई देखाउनुभयो ।
यदि तिमीले मलाई देखेको भए, मेरा पितालाई पनि देखेका छौ ।
यी सानाहरूमध्ये जसलाई जे गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ ।
उहाँले परमेश्वर कस्तो हुनुहुन्छ भनी प्रकट गर्नुभयो ।
उहाँले मानिसहरूलाई खुवाउनुभयो ।
उहाँले मानिसहरूलाई निको पार्नुभयो ।
उहाँ पानीमाथि हिँड्नुभयो ।
ओह् (स्त्री)
त्यो केटा जीवित भयो.....
उहाँले मरेकाहरूलाई पनि ब्यूँताउनुभयो ।
परमेश्वरले मात्रै यस्तो आश्चर्यकर्म गर्न सक्नुहुन्छ ।


उहाँले बच्चाहरूलाई प्रेम गर्नुभयो र आशिष दिनुभयो ।
उहाँले मानिसहरूलाई स्वर्गको बारेमा बताउनुभयो ।
उहाँले मानिसहरूलाई स्वर्गको बारेमा बताउनुभयो ।
लाजरसलाई पठाइदिनोस् र उसले आफ्नो औँला पानीमा चोपलेर मेरो जिब्रो शीतल पारिदेओस् ।
लाजरसलाई मेरा भाइहरूकहाँ पठाइदिनोस्...
...र उसले यस भयानक ठाउँको बारेमा मानिसहरूलाई बताऊन् ।
उहाँले मानिसहरूबाट भुतात्माहरू पनि धपाउनुभयो ।
हरप्रकारले उहाँले आफू परमेश्वर हुँ भनी प्रकट गर्नुभयो ।


येशूले आफू परमेश्वर हुँ भनी भन्नुभएको कुराले धार्मिक गुरुहरूलाई क्रोधित तुल्यायो ।
येशूलाई एउटा झूट्टो मुद्दामा फँसाइयो र गलत आरोप लगाइयो ।
उहाँलाई कोर्रा लगाइयो, पिटियो र जिउँदै क्रूसमा टाँगियो ।
जहाँ उहाँ मर्नुभयो ।
पिता, मेरो आत्मा ग्रहण गर्नुहोस् ।
शैतान, धार्मिक गुरुहरू, रोमीहरू र हाम्रै पापले येशूलाई माऱ्यो ।
येशूलाई मारेर तिनीहरूले उहाँको सन्देश र परमेश्वरको उद्देश्यलाई ध्वस्त पारिदिएको भनी सोचे ।
तर तिनीहरू गलत थिए
तिनीहरूले त्यही मात्र गरे जसको योजना परमेश्वरले पहिला देखि बनाउनुभएको थियो–सृष्टिको सुरुदेखि अर्थात् बगैंचामा ।
मानिसको लागि एउटा सिद्ध बलिदानको व्यवस्था गरेर परमेश्वरसित मानिसको मिलाप गर्ने ।
येशू परमेश्वरको पुत्रको हैसियतले त्यो सिद्ध, पापरहित बलिदान हुनुहुन्थ्यो ।
अनि उहाँले मृतकबाट ब्यूँतेर यो प्रमाणित गरिदिनुभयो ।


उहाँको मृत्युपछि येशूले आफैलाई उहाँका चेलाहरूकहाँ प्रकट गर्नुभयो ।
अनि उहाँले उहाँको वचन, उहाँको जीवन अनि उहाँको जीवन र पुनरुत्थानको बारेमा अरु मानिसहरूलाई बताउन चेलाहरूलाई निर्देशन दिनुभयो ।
जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिस्मा देओ, मैले जे तिमीहरूलाई जे जे आज्ञा गरेँ, ती सबै तिनीहरूलाई पालन गर्न तसिकाओ ।
अनि निश्चय नै, म संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु ।
प्रभुको नाउँ पुकारा गर्ने हरेकले उद्धार पाउनेछ ।
म प्रभुको नाउँ पुकार्न चाहन्छु !
येशू !
म पनि !
उहाँले पृथ्वी छोडेपछि उहाँका चेलाहरूले त्यही गरे अनि धेरै मानिसहरूले विश्वास गरे
उहाँलाई प्रेम गर्ने र पछ्याउनेहरू सबैका निम्ति उहाँ फर्केर आउनेछन् भनी येशूले भन्नुभयो ।
जब उहाँ फर्किनुहुन्छ, तब फेरि पनि आनन्दलोक पुनर्स्थापित हुनेछ ।
मानिसहरू, जनावरहरू र हामीले प्रेम गरेका सबै कुराहरू त्यहाँ हुनेछन् ।
त्यहाँ एउटा नयाँ स्वर्ग र नयाँ पृथ्वी हुनेछन् ।
येशूलाई पछ्याउने, वृद्ध र जवान सबैजना सधैंका लागि त्यहाँ हुनेछन् ।
अनि तपाईं नि ?




## मैले येशूलाई पछ्याएर परमेश्वरलाई कसरी चिन्नसक्छु ?

## यी कदमहरू पछ्याउनुहोस् :

१ येशूलाई भन्नुहोस् कि तपाईंले गर्नुभएको नराम्रो कामको निम्ति तपाईं दुःखी हुनुहुन्छ र ती कुराबाट फर्केर तपाईं उहाँकहाँ आउन चाहनुहुन्छ भनी उहाँलाई बताउनुहोस् ।

२ तपाईंलाई क्षमा गर्न येशूसित बिन्ती गर्नुहोस् र उहाँलाई तपाईंले जीवनभरि पछ्याउन चाहनुहुन्छ भनी बताउनुहोस् ।

३ तपाईंको प्रार्थना सुन्नुभएको निम्ति र त्यसको उत्तर दिनुभएको निम्ति येशूलाई धन्यवाद दिनुहोस् ।

४ हरेक दिन परमेश्वरको वचन बाइबल बढ्नुहोस् ।

५ तपाईले गर्नुभएको कुरा येशूलाई प्रेम गर्ने कसैलाई बताउनुहोस् र येशूलाई प्रेम गर्ने झुण्डका मानिसहरूसित भेटघाट र सङ्गति गर्न थाल्नुहोस् ।





यो कथा किङस्टोन कमिक्स द्वारा प्रकाशित किङस्टोन बाइबल बाट लिइएको हो ।